# लो-घेकर दामोदरकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चराङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

प.स. २०८२/८३
सू.नं. ०१

मिति: २०८२/०४/०५
ने.सं. ११४५ दिल्लागा एकादशी

## सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना।

**(प्रकाशित मितिः २०८२/०४/०५)**

यस लो-घेकर दामोदरकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट स्वीकृत सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनाका लागि स्थानीय तहको सहायक पाचौं एम.आई.एस. अपरेटर र सहायक चौथौं फिल्ड सहायक पदमा करार सेवामा पदपूर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले दरखास्त फाराम भरी यस गाउँपालिकाको कार्यालयमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं. | पद | तह | परीक्षाको किसिम | संख्या | दरखास्त दस्तुत |
|---|---|---|---|---|---|
| LGDRM-०१-२०८२/०८३ | एम.आई.एस. अपरेटर | पाँचौ | संक्षिप्त सूची (सर्टलिष्ट) प्रकाशन पछि सीप परीक्षण तथा अन्तर्वाता | १(एक) | १०००/- |
| LGDRM-०२-२०८२/०८३ | फिल्ड सहायक | चौथौं | संक्षिप्त सूची (सर्टलिष्ट) प्रकाशन पछि सीप परीक्षण तथा अन्तर्वाता | १(एक) | १०००/- |

१. **दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०४/१९ गते कार्यालय समय भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन।

२. **आवश्यक शैक्षिक योग्यताः**

**एम.आई.एस. अपरेटरः** मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्युटर विषय लिई उत्तीर्ण गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिना कम्प्युटर सम्बन्धी तालिम प्राप्त।

**फिल्ड सहायकः** कम्तीमा एस.एल.सि. (SLC/SEE) वा सो सरह उत्तीर्ण गरेको।

३. **आवेदन साथ संलग्न कागजातहरुः** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपी, कम्प्युटर तालिमको प्रमाणपत्र, अनुभव भए सो सम्बन्धी प्रमाण/पत्र र राजश्व बुझाएको सक्कल रसिद सहिदको गाउँपालिकाबाट उपलब्ध गराइएको फाराम।

४. **तलब स्केलः** सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ।

५. **उमेर हदः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

६. **दरखास्त दिने स्थानः** लो-घेकर दामोदरकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चराङ, मुस्ताङ।उम्मेदवारले यस कार्यालयको ई-मेल ठेगाना loghekardamodarkundamun@gmail.com मा ई-मेल मार्फत पनि दरखास्त दिन सकिनेछ।

७. **दरखास्त फाराम पाईने स्थानः** गाउँपालिकाको वेवसाईड वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

८. **परिक्षा किसिमः** सेवा इकाईको लागि जनशक्ति छनौट मापदण्ड २०७६ परिच्छेद-३ को दफा ७ तथा अनुसूची-४ वमोजिम उम्मेदवारहरुको सीप परिक्षण र अन्तर्वार्ता

९. **आवेदन दस्तुर बुझाउने बैंक खाताः** प्रभु बैंक लि., लो-घेकर दामोदरकुण्ड शाखामा रहेको खाता नं. ग १.१ आन्तरिक राजस्व खाता १५२०११५३२७१०००६१

१०.**परिक्षा मितिः** पछि प्रकाशन गरिने छ।

११.**थप जानकारीको लागिः** ९८५७६३९९९९ मा सम्पर्क गर्न सकिने छ।

१२.सूचनामा उल्लेख नभएका कुरा प्रचलित नियम/कानून बमोजिम हुनेछन्।

........................
**सरोज उपाध्याय**
**प्रमुख प्रशासकीय अधिकृत**